# काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मिति २०८१/९/१७

**प्रस्तावना:** काठमाडौ विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति नियुक्तिका लागि कुलपति समक्ष नाम सिफारिस गर्न काठमाडौ विश्वविद्यालय ऐन,२०४८ को दफा १४ को उपदफा (१) बमोजिम सिफारिस समिति गठन भएको, गठित सिफारिस समितिबाट प्रतिस्पर्धात्मक पद्धतिका माध्यमबाट खोज तथा मूल्यांकन गरी नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले उम्मेदवार खोज तथा छनोटका विधि, आधार र प्रक्रिया तय गरी उपकुलपति सिफारिस सम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई उपकुलपति नियुक्त नहुँदासम्म कायम रहनेछ।

२.<u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले काठमाडौ विश्वविद्यालयको उपकुलपतिको पदमा नियुक्तिका लागि दरखास्त स्वीकृत भएको वा समितिबाट प्रस्ताव माग गरी पेश गरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले काठमाडौ विश्वविद्यालय ऐन,२०४८ सम्झनु पर्छ।

(ग) "नजिकका नातेदार" भन्नाले एकाघरको परिवारको सदस्य वा प्रचलित कानूनमा स्वार्थको द्वन्द हुने गरी परिवारको सदस्यको रुपमा परिभाषित गरिएको नाता सम्बन्धको नातेदार सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले काठमाडौ विश्वविद्यालय ऐन,२०४८ को दफा १२ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारी समेतलाई जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) "विश्वविद्यालय" भन्नाले काठमाडौ विश्वविद्यालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले काठमाडौ विश्वविद्यालय ऐन, २०४८ को दफा १४ को उपदफा (१) बमोजिम गठित उपकुलपति खोज तथा सिफारिस समिति सम्झनु पर्छ।

(ज) "संयोजक" भन्नले काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस समितिको संयोजक सम्झनु पर्छ।

३. <u>बैठकसम्बन्धी कार्यविधि:</u>(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

१

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपूरक संख्याका लागि समितिको संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय संयोजक र कम्तिमा एक जना सदस्यको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>आवश्यक न्यूनतम योग्यता:</u> (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति पदमा नियुक्ति हुनका लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानून बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(घ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) दरखास्त दिनु तत्काल अघि कुनै राजनीतिक दलको सदस्य नरहेको।

(२) समितिले उपदफा (१) बमोजिम निर्धारित योग्यताका अतिरिक्त उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

५. <u>सूचना प्रकाशन गर्ने:</u> (१) समितिले विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका, मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयको वेबसाइटमा दश दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम निर्धारित समयावधिमा दश जनाभन्दा बढी व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले अनुसूची-२ को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम प्रारम्भिक मूल्याङ्कन गरी संक्षिप्त सूचि (shortlist) प्रकाशित गर्नेछ र सो पछिको मूल्यांकनमा संक्षिप्त सूचिमा परेका उमेदवारलाई मात्र समावेस गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीनजनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले पेश हुन आएका दरखास्त कायमै राखी अन्य योग्य इच्छुक उमेदवारलाई दरखास्त पेश गर्न बढीमा पाँच दिनको समयावधि थप गर्न वा दफा ४ बमोजिम योग्यता पुगेका व्यक्तिबाट सिधै प्रस्ताव माग गर्न सक्नेछ।

(४) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त भई स्वीकृत भएका दरखास्त वा समितिले सिधै प्रस्ताव माग गरेको अवस्थामा त्यस्तो सिधै पेश हुन आएको प्रस्तावलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

६. <u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजात</u>: (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) स्नातक, स्नातकोत्तर तह र विद्यावारिधि उपाधिका शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिका हकमा समकक्षता प्रमाणपत्र पेश गर्नु पर्नेछ),

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) कुनै पुस्तक वा ग्रन्थ वा कुनै प्रकाशित पुस्तकमा अनुसन्धानात्मक लेख लेखी प्रकाशन गरेको भए सोको आइएसबीएन नम्बर सहितको मुद्रित प्रति,

(घ) प्रचलित कानून बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको पदाधिकारीको पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(ङ) काठमाडौं विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

(च) अनुसूची-२ मा उल्लेख भए बमोजिमका समकक्ष समीक्षित जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(छ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(ज) उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन गरी उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएको विवरण,

(झ) बढीमा पाँच हजार शब्दसम्मका काठमाडौं विश्वविद्यालयको सोचपत्र (Vision Paper) र काठमाडौं विश्वविद्यालयको लागि आफ्नो चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University)। (यसरी सोचपत्र र कार्ययोजना पेश गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ)।

(ञ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र।

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको विवरण तथा खण्ड (झ) बमोजिमको काठमाडौ विश्वविद्यालयको सोचपत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University) अंग्रेजीमा भए Times New Roman 12 Font Size र नेपाली भाषामा भए प्रिति वा युनिकोडमा क्रमश: १४ वा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक सुरुदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

७. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने:</u> (१) यस कार्यविधिको दफा ४ र ६ बमोजिमको योग्यता एवम् प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. <u>छनोट विधि:</u> (१) समितिले उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका योग्यता, अनुभव, आफैले लेखी सोमा इन्टरनेशनल स्टाण्डर्ड बुक नम्बर (आईएसबीएन) प्राप्त गरी प्रकाशित पुस्तक वा ग्रन्थ वा त्यस्तो पुस्तकमा अनुसन्धानात्मक लेख समावेश भएको भए सो, उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुर्याएको विवरण, अनुसन्धानात्मक परियोजना वा लेख, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार खोज तथा छनोट गरी ऐनको दफा १४ को उपदफा (२) बमोजिम उपकुलपति नियुक्तिका लागि कुलपतिसमक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिमको खोज तथा छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइने छ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछ:-

(क) शैक्षिक योग्यता,

(ख) प्राध्यापक पदमा कार्य अनुभव,

(ग) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(घ) सम्बन्धित बिषय क्षेत्रमा अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ प्रकाशन गरेको भए सो तथा कुनै त्यस्तो पुस्तकमा अनुसन्धानात्मक लेख प्रकाशन गरेको भए सो वापतको अङ्क,

(ङ) उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुर्याएको विवरण,

(च) प्राज्ञिक अनुसन्धानमूलक परियोजना भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(छ) समकक्ष समीक्षित जर्नल (Peer-Reviewed Journal) वा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(ज) विश्वविद्यालयसम्वन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University) को मूल्याङ्कन,

(झ) खण्ड (ज) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(ञ) अन्तर्वार्ता।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

(४) उपदफा (२) को खण्ड (ङ) बमोजिमका विषयमा बढीमा एक हजार शब्दसम्मको प्रस्तावमा खुलाउनु पर्नेछ। जसमा कामगरेको संस्थाको नाम, प्राज्ञिक नेतृत्व गरेको तह र क्षेत्र, प्राप्त उपलब्धी, व्यवस्थापकीय नेतृत्व दिएको क्षेत्र, प्राप्त भएको उपलब्धी, परिचालन गरिएको राष्ट्रिय वा अन्तराष्ट्रिय स्रोत, त्यस्तो स्रोत उपलब्ध गराउने संस्था, सरकार तथा निकाय वा व्यक्ति र सोको परिचालन पश्चातको उपलब्धी र अन्य केही भए सो समेत युनिकोड वा प्रिति फन्टमध्ये क्रमश: १२ वा १४ मा र Times New Roman मा भए १२ को आकारमा टाइप गरी पेश गर्नु पर्नेछ।

द्रष्टव्य: माथिको उपदफा (२) को (ङ) र (ज) सम्बन्धी कागजात पेश गर्दा सुरुदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

९. <u>छनोटको चरण</u>: (१) खोज तथा छनोटका लागि दरखास्त पेश गरी स्वीकृत भएका सबैको दफा ८ को उपदफा (२) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) को आधारमा प्रारम्भिक मूल्याङ्कन गरी योग्यताक्रमको संक्षिप्त सूचि (shortlist) प्रकाशित गरिनेछ। यसरी कायम भएका संक्षिप्त सूचिमा नाम समावेश भएका उम्मेदवारहरुलाई दोस्रो चरणमा सहभागी गराइनेछ।

(२) छनोटको दोस्रो चरणमा दफा ८ उपदफा (१) को खण्ड (ज), (झ) र (ञ) बमोजिम विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको चारवर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University) को मूल्याङ्कन तथा सोको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

(३) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना एक जनाभन्दा बढी विज्ञबाट मूल्याङ्कन गर्नु पर्नेछ र मूल्याङ्कनकर्तालि प्रदान गरेको अंकलाई औसत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(४) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनका लागि आवेदकको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई दोहोरो कोडिङ गरिनेछ।

(५) उपदफा (४) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनाको मूल्याङ्कन भए पश्चात सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ र प्रस्तुतीकरण तथा

अन्तर्वार्ता सम्पन्न भए पश्चात दफा १३ र दफा १४ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ।

(६) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

(७) यस दफा बमोजिम मूल्याङ्कन गरिएका कागजातहरु शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ।

१०. <u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता:</u> (१) दफा ९ को उपदफा (१) बमोजिम नामावली कायम भएका उम्मेदवारलाई पाँच दिनको समय दिई विश्वविद्यालयको वेवसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई अस्पताल भर्ना भएका कारण निर्धारित मिति र समयमा प्रस्तुतीकरण र अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ।

(३) समितिले उपदफा (२) को अवस्था परेको भनी निवेदन प्राप्त भएकोमा सो मितिले पन्ध्र दिनभित्र प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि समय निर्धारण गर्न सक्नेछ।

(४) समितिले उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि विशेष समय उपलव्ध गराउने छैन।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा सो को कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी अङ्क दिएको अवस्थामा मात्र त्यस्तो अङ्क गणना हुनेछ। सो नभएको अवस्थामा बढी दिएको भए सत्तरी र घटी दिएकोमा चालीस प्रतिशत अङ्क कायम हुनेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-४ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने अङ्कको ढाँचा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ।

११. <u>उपसमिति गठन तथा सेवा लिन सक्ने:</u> (१) समितिले योग्य उम्मेदवारको खोजी तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यस सम्वन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नुपर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्य सम्पादनका लागि विश्वविद्यालय वा मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (१) को खण्ड (ज), दफा ८ को उपदफा (२) को खण्ड (ङ) बमोजिमको उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको, राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएको विवरणको मूल्याङ्कन समिति आफैले गर्नेछ र समितिले आवश्यक ठानेमा एक जना विषय विज्ञको सहयोग लिन सक्नेछ।

१२.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने</u>: (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परिआएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१३. <u>सिफारिस गर्न सक्ने</u>: **(१)** यस कार्यविधि बमोजिम प्रकाशित सूचना अनुसार कुनै पनि दरखास्त पर्न नआएमा वा दरखास्त दिएका उम्मेदवारहरु वा सो मध्ये कोहि उपकुलपतिको खोजी गरिने प्रक्रियामा सहभागी हुन इच्छुक नभएमा, समितिले सिधै प्रस्ताव माग गर्नेछ र त्यसरी माग गर्दा पनि कसैबाट प्रस्ताव प्राप्त हुन नआएमा वा अन्य कुनै कारण परी सिधै सिफारिस गर्नु पर्ने भएमा समितिले यस कार्यविधि बमोजिम योग्यता पुगेका व्यक्तिहरुबाट सहमति लिई तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपफदा (१) बमोजिम सिफारिस गर्नुअघि यस कार्यविधि बमोजिम काठमाडौं विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper), विश्वविद्यालय सम्बन्धी कार्ययोजना र उच्च शिक्षामा प्राज्ञिक नेतृत्व गरेको, व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा विश्वविद्यालयको विकासमा योगदान पुर्याएको विषयको प्रस्ताव माग गर्नु पर्नेछ।

१४.<u>नाम सिफारिस</u>: (१) समितिले छनोट सम्बन्धमा अपनाएको विधि, प्रक्रिया तथा प्रतिवेदन सहित उपकुलपति पदमा नियुक्तिका लागि उम्मेदवारको नाम विश्वविद्यालयका कुलपतिसमक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम उम्मेदवारको नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने वा सिधै सिफारिस गर्नु पर्ने अवस्थामा नियुक्त हुने आधारमा तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

१५. <u>व्यवस्थापकीय सहयोग प्राप्त गर्न सक्ने</u>: समितिको काम कारवाहीमा सहजीकरणको लागि समितिले मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग तथा विश्वविद्यालयका कर्मचारीको सहयोग लिन सक्नेछ र सोको लागि सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ।

१६. <u>सूचना प्रविधिको प्रयोग गर्न सकिने</u>: (१) समितिले यस कार्यविधि बमोजिम उपकुलपतिको नियुक्तिको लागि नाम सिफारिस गर्न सूचना प्रविधिको प्रयोग गरी आवश्यक कार्य गर्न गराउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

१७. <u>खर्चसम्बन्धी व्यवस्था</u>: समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठक सम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ।

१८. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यस कार्यविधि बमोजिमको काम कारवाही गर्दा कुनै बाधा अड्काउ आइपरेमा समितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. <u>कागजपत्रको संरक्षण</u>: समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू काठमाडौं विश्वविद्यालयमा सुरक्षित राखिनेछ।

२०. <u>सचिवालय</u>: (१) समितिको सचिवालय काठमाडौं महानगरपालिका वडा नं. १ ज्ञानेश्वरस्थित काठमाडौं विश्वविद्यालय अन्तर्गतको सम सेन्टरमा रहनेछ।

(२) उम्मेदवारले दरखास्त ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, बालकुमारी स्थित काठमाडौं विश्वविद्यालयको स्कूल अफ मेनेजमेन्टमा बुझाउन सक्नेछ।

अनुसूची-१
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
**दरखास्तको ढाँचा**

श्रीमान् संयोजकज्यू,
काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस समिति,
सम सेन्टर, ज्ञानेश्वर, काठमाडौ।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

काठमाडौ विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिका लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको तथा यो दरखास्त पेश गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको र काठमाडौ विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिका लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. निकायको नामः काठमाडौं विश्वविद्यालय
२. नियुक्ति हुन चाहेको पदः उपकुलपति
३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-
......................................................................................................
ENGLISH BLOCK LETTER ......................................................................................
हाल कार्यरत संस्थाः ..............................पद ..............................
नेपाली नागरिकताको प्रमाणपत्र नं.:........................ जारी मितिः.............................. जिल्लाः..................
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः .....................साल....................... महिना................ गते
सम्पर्क नम्बरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्नातकोत्तर | | | | |
| ३. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (पदाधिकारी भए सो समेत)

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना विवरण:-

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना सञ्चालन गर्ने निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकले परियोजना सम्पन्न गरेको भए प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्तामध्ये के हो, सो खुलाउनु पर्ने छ सो एकलै गरेको हो वा संयुक्त रुपमा गरेको हो, सो खुलाउनु पर्नेछ।

** परियोजना सञ्चालन गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्वन्धी विवरण

Ranked Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (Web Link) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

Non-Ranked Peer-Reviewed Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (Web Link) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(च) पुस्तक वा ग्रन्थ वा प्रकाशित पुस्तकमा अनुसन्धानात्मक लेख लेखी प्रकाशित भएको पुस्तक सम्बन्धी (दुई वटासम्मको) विवरण:

| क्र.सं. | पुस्तक वा ग्रन्थको शीर्षक | प्रकाशक | लेखकको नाम | आइएसविएन(ISBN) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(छ) उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, व्यवस्थापकीय कुशलता आर्जन गरेको एवमं राष्ट्रिय र अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएको विवरण बढिमा एक हजार शब्दमा खुलाई छुट्टै खामबन्दी गरी पेश गर्नु पर्ने छ, जसमा कामगरेको संस्थाको नाम, प्राज्ञिक नेतृत्व गरेको क्षेत्र, प्राप्त उपलब्धि, व्यवस्थापकीय नेतृत्व दिएको क्षेत्र, प्राप्त भएको उपलब्धि, परिचालन गरिएको राष्ट्रिय,अन्तराष्ट्रिय स्रोत, त्यस्तो स्रोत उपलब्ध गराउने संस्था, सरकार तथा निकाय वा व्यक्ति र सोको परिचालन पश्चातको उपलब्धि र अन्य केही भए सो समेत युनिकोड वा प्रिति फन्ट मध्ये क्रमश: १२ वा १४ मा र Times New Roman १२ को आकारमा टाइप गरी पेश गर्नु पर्नेछ।

(ज) संलग्न कागजात तथा विवरण:

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) वैयक्तिक विवरण तीन प्रति.

(३) स्नातक, स्नातकोत्तर र विद्यावारिधि उपाधिका प्रमाणपत्रहरूको प्रतिलिपि,

(४) प्राध्यापकको शुरु नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि,

(५) उच्च शिक्षाको विकास तथा विस्तार, नविनतम् ज्ञान, विज्ञान प्रविधि, लगायतका क्षेत्रमा कुनै किताब वा ग्रन्थ वा त्यस्तो कितावमा अनुसन्धानात्मक लेख लेखि प्रकाशित भई सो लेखेको भए दुई वटासम्म त्यस्तो किताव वा ग्रन्थका वा लेख सहितको कितावका मुद्रित प्रतिहरु,

(६) खण्ड (घ) मा उल्लिखित दुई वटासम्म परियोजना सम्पन्न गरेको प्रमाणपत्र,

(७) खण्ड (ङ) मा उल्लेखित दुई वटासम्म लेखहरु,

(८) उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, उच्च शिक्षाको क्षेत्रमा व्यवस्थापकीय कुशलता हासिल गरेको तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन गरी उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुर्याएको विवरण,

(९) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University) थान तीन, (यसरी सोचपत्र र कार्ययोजना पेश गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्य योजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ)।

(१०) प्रचलित कानून बमोजिम उपकुलपतिको पदमा नियुक्तिका लागि अयोग्य नरहेको, कुनै राजनीतिक दलको सदस्य नरहेको र काठमाडौंविश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(११) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

इमेलः

अनुसूची-२

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

योग्यता, अनुभव, सोचपत्र, रणनीतिक कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्ता सम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता | २ | विद्यावारिधि वा सो सरह वापत दुई अङ्क |
| (ख) प्राध्यापक पदमा कार्य अनुभव | ५ | मान्यता प्राप्त विश्वविद्यालयको प्राध्यापकको पदमा कार्यानुभव भएको प्रत्येक वर्षका लागि एक अंकका दरले अधिकतम ५ वर्षका लागि पाँच अङ्क<br>द्रष्टव्य: यसमा वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले एक अङ्कलाई भाग गरी आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुने छैन। |
| (ग) उच्च शिक्षामा प्राज्ञिक नेतृत्व गरेको, व्यवस्थापकीय कुशलता हासिल गरेको एवम् राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्चशिक्षा विकासमा योगदान पुर्याएको। | ९ | (१) उच्च शिक्षामा प्राज्ञिक नेतृत्व गरेको-३,<br>(२) व्यवस्थापकीय कुशलता हासिल गरेको-३,<br>(३) राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शिक्षाको विकासमा योगदान पुर्याए वापत-३<br>नोट: उच्च शिक्षाका क्षेत्रमा प्राज्ञिक नेतृत्वको अनुभव हासिल गरेको, व्यवस्थापकीय कुशलता आर्जन गरेको एवमं राष्ट्रिय, अन्तर्राष्ट्रिय साधनस्रोतको परिचालन तथा उच्च शैक्षिक क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएको विवरण बढिमा एक हजार शब्दमा खुलाई छुट्टै खामवन्दी गरी पेश गर्नु पर्ने छ, जसमा कामगरेको संस्थाको नाम, प्राज्ञिक नेतृत्व गरेको क्षेत्र, प्राप्त उपलब्धि, व्यवस्थापकीय नेतृत्व दिएको क्षेत्र, प्राप्त भएको उपलब्धि, परिचालन गरिएको राष्ट्रिय, अन्तराष्ट्रिय स्रोत, त्यस्तो स्रोत उपलब्ध गराउने संस्था, सरकार तथा निकाय वा व्यक्ति र सोको परिचालन पश्चातको उपलब्धि र अन्य केही भए सो समेत |

| | | |
|---|---|---|
| | | युनिकोड वा प्रिति फन्ट मध्ये क्रमश: भए १२ वा १४ मा र Times New Roman मा भए १२ को आकारमा टाइप गरी पेश गर्नु पर्नेछ। |
| (घ) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी पदको अनुभव हासिल गरेको। | २ | प्रति वर्ष शून्य दशमलव पाँच अङ्कका दरले बढीमा चार वर्षका लागि अधिकतम दुई अङ्क।<br>द्रष्टव्य:<br>(१) यसमा वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले शून्य दशमलव पाँच अङ्कलाई भाग गरी आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुने छैन।<br>(२)आफू पदाधिकारी भएको व्यहोरा प्रमाणित गरी दरखास्तमा खुलाउनु पर्नेछ। त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन। |
| (ङ) उच्च शिक्षासँग सम्बन्धित विषयमा नविनतम् ज्ञान, विज्ञान प्रविधि लगायतका क्षेत्रमा कुनै किताब वा ग्रन्थ वा कुनै किताव वा ग्रन्थमा अनुसन्धानात्मक लेख लेखी आइएसबिएन प्राप्ति सहित पुस्तकमा प्रकाशन गरेको। | ४ | उच्च शिक्षासँग सम्बन्धित विषयमा नविनतम् ज्ञान, विज्ञान प्रविधि लगायतका क्षेत्रमा कुनै किताब वा ग्रन्थ वा त्यस्तो ग्रन्थभित्र अनुसन्धानात्मक लेख लेखेको भए दुई वटासम्म त्यस्तो किताव वा ग्रन्थका मुद्रित प्रतिहरु। *२ अङ्कका दरले दुई वटासम्मको लागि ४ अङ्क।*<br>*द्रटब्य:-*<br>१.यसरी पुस्तक वा ग्रन्थ वा सोभित्रको अनुसन्धानात्मक लेख एकल रुपमा लेखेको प्रति पुस्तक वा ग्रन्थ वापत २ अङ्कका दरले ४ अङ्क र संयुक्त रुपमा लेखेको भए २ अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क।<br>२. पाठ्यपुस्तक (Text Book) वा सम्पादित वा अनूदित वा टीका लेखनसँग सम्बन्धित पुस्तक वा |

| | | |
|---|---|---|
| | | ग्रन्थ प्रकाशन गरेको भनी पेश गरेको भए सोको मूल्याङ्कन गरिने छैन। |
| (च) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरेको वापत। | ४ | (१) उच्च शिक्षाको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको अनुसन्धानमूलक परियोजनामा मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत २ अङ्कका दरले दुई वटा अनुसन्धानको लागि ४ अङ्क, वा<br>(२) उच्च शिक्षाको क्षेत्रमा राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजनामा मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरेकोमा प्रति अनुसन्धान वापत एक अङ्कका दरले तीन वटा अनुसन्धानको लागि ३ अङ्क।<br>(३) माथी खण्ड (१) र (२) बमोजिमको उच्च शिक्षाको क्षेत्रको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय अनुसन्धान वापत एक र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा दुबै जोडि अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथि खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान समुहको सदस्य भइ अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले र अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| **(छ)** उच्च शिक्षाको क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको | ४ | (१) उच्च शिक्षाको क्षेत्रमा Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम २ वटा लेखकोलागि SCImago Journal Ranking को Q-१ देखी Q-२ सम्ममा Single Author भए प्रति लेख २ अङ्क र Co-authors भए First Author लाई १ अङ्कका दरले र बाँकी Co-authors लाई बाँकी १ अङ्कको |

| | | |
|---|---|---|
| | | दामासाहीले प्राप्त हुने अङ्क का दरले अधिकतम ४ अङ्क<br>(२) SCImago Journal Ranking को Q-3 देखी Q-4 सम्ममा Single Author भए प्रति लेख १.५ अङ्क र Co-authors भए First Author लाई ०.७५ अङ्कका दरले र बाँकी Co-authors लाई बाँकी ०.७५ अङ्कको दामासाहीले प्राप्त हुने अधिकतम ३ अङ्क<br>(३) Peer Reviewed Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत<br>Single Author भए प्रति लेख १ अङ्क र Co-authors भए First Author लाई ०.५ अङ्कका दरले र बाँकी Co- authors लाई बाँकी ०.५ अङ्कको दामासाहीले प्राप्त हुने अधिकतम २ अङ्क<br>SCImago Journal Ranking मा प्रकाशित र अन्य Peer Reviewed Journal मा अनुसन्धानमूलक लेख प्रकाशन दुवै पेश गरेको अवस्थामा SCImago Journal Ranking मा प्रकाशित लेखको अङ्क पहिला गणना गरी बाँकीको लागि Peer Reviewed Journal मा प्रकाशित लेखको अङ्क गणना गरिनेछ। |
| (ज) काठमाडौं विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | १५ | (१) विश्वविद्यालयको विद्यमान चुनौति, गुणस्तर अभिवृद्धि र प्रभावकारिता- ३<br>(२) विश्वविद्यालयको आय आर्जन, उपयोग र आत्मनिर्भरता-३<br>(३) आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण-३<br>(४) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास-३ |

| | | |
|---|---|---|
| | | (५) विश्वविद्यालयलाई वर्ल्ड र्याङ्किङमा (world ranking) एक हजारभित्र पार्न लिनु पर्ने कार्यनीति३ |
| (झ) विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Plan of University) मूल्याङ्कन | १५ | (१) विश्वविद्यालयको विद्यमान अवस्था -३<br>(२) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- ३<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण -३<br>(४) रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान- ३<br>(५) विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण-३ |
| (ञ) प्रस्तुतीकरण | २० | अनुसूची-४ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालीस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (ट) अन्तर्वार्ता | २० | अन्तर्वार्ता वापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालीस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

अनुसूची-३

खण्ड (क)

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**काठमाडौं विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

काठमाडौं विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोडः

विश्वविद्यालयसम्बन्धी सोचपत्र

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान चुनौति, गुणस्तर अभिवृद्धि र प्रभावकारिता | ३ | | |
| २. | विश्वविद्यालयको आय आर्जन, उपयोग र आत्मनिर्भरता | ३ | | |
| ३. | आङ्गिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण | ३ | | |
| ४. | विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास | ३ | | |
| ५. | विश्वविद्यालयलाई वर्ल्ड र्याङ्किङमा (world ranking) एक हजारभित्र पार्न लिनु पर्ने कार्यनीति | ३ | | |
| | | १५ | प्रासाङ्क अंकमाः | |
| | | | प्रासाङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्रासाङ्क -

अंकमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मिति

अनुसूची-३

खण्ड (ख)

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा

काठमाडौं विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोडः

विश्वविद्यालयसम्वन्धी रणनीतिक कार्ययोजना

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | ३ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | ३ | | |
| ३. | विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण | ३ | | |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | ३ | | |
| ५. | विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण | ३ | | |
| | | १५ | प्रासाङ्क अंकमाः | |
| | | | प्रासाङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजनाको कुल प्रासाङ्क -

अंकमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मितिः

१९

अनुसूची-४

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

सोचपत्र र कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कन ढाँचा

काठमाडौ विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सम सेन्टर ज्ञानेश्वर, काठमाडौं स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतिकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

आवेदकको नामः

| क्र. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली र स्पष्टता | ३ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय बस्तुको पूर्णता | ४ | | |
| ३. | सोचपत्रको वस्तुपरकता तथा सो मा समावेश भएको विषयवस्तुको सान्दर्भिकता | ४ | | |
| ४ | कार्ययोजना बारेको ज्ञान र कार्यान्वयन प्रक्रियाको स्पष्टता | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| | कुल अंक | २० | कुल प्राप्ताङ्क अंकमाः<br>कुल प्राप्ताङ्क अक्षरमाः | |

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

पदः

मितिः

अनुसूची-५
(दफा १० को उपदफा (७) सँग सम्बन्धित)
अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा

काठमाडौं विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार ज्ञानेश्वर काठमाडौं स्थित सम सेन्टरमा रहेको समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी अन्तीम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

आवेदकको नामः

| क. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली र स्पष्टता | २ | | |
| २. | विषय बस्तुको ज्ञान | ६ | | |
| ३. | नेतृत्व क्षमता | ५ | | |
| ४ | समस्या र समाधान गर्ने सक्षमता | ३ | | |
| ३. | विश्लेषणात्मक क्षमता | ३ | | |
| ४. | समय व्यवस्थापन | १ | | |
| | कुल अंक | २० | कुल प्रासाङ्क अंकमाः | |
| | | | कुल प्रासाङ्क अक्षरमाः | |

अन्तर्वार्ताकारको हस्ताक्षरः
नामः
पदः
मितिः